# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, असार १२ गते, २०७६ साल (अतिरिक्ताङ्क २२


## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. २०

**प्रदेश नं. ५, प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**<u>प्रस्तावनाः</u>** प्रदेश नं. ५, प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर र शुल्क लगाउने तथा राजश्व संकलन र राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२ **<u>घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्कः</u>** (१) प्रदेश भित्र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन घरजग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ । गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेशले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश र स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्नेछ ।

(३) मालपोत कार्यालयबाट पारित हुने लिखतहरुमा लिईने रजिष्ट्रेशन शुल्क लगायतका शुल्कहरुको प्रयोजनको लागि घर, जग्गा र

घरजग्गा लगायतको मुल्याङ्कन गर्न आवश्यक समितिको गठन र कार्यविधि प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

३. **<u>सवारी साधन करः</u>** (१) प्रदेशभित्र सवारी साधन दर्ता गर्दा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाई असूल उपर गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई-रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाई असूल उपर गर्नेछ।

४. **<u>मनोरञ्जन करः</u>** (१) प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

५. **<u>विज्ञापन करः</u>** प्रदेशमा विज्ञापन सामग्री राखे वापतको विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाई असूल उपर गर्नेछ।

६. **<u>कृषि आयमा करः</u>** (१) प्रदेशभित्र अनुसूची-४ बमोजिम कृषि आयमा कर लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम कर लगाउने कार्यविधि प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

७. **<u>पर्यटन शुल्क</u>**ः (१) प्रदेशभित्र अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले अन्यथा व्यवस्था गरेको बाहेक गाउँपालिका वा नगरपालिकाभित्र रहेका उद्यान, पार्क, सङ्ग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरेवापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असूल उपर गर्नेछ।

८. **प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेशभित्र अनुसूची—६ बमोजिम ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलनमा शुल्क लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

९. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानूनबमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गर्नेछ ।

१०. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित करसम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

११. **प्रदेश सरकारले तोके बमोजिम हुनेः** यस ऐनमा उल्लेख नभएका तर प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवावापत लिईने शुल्क तथा दस्तुर प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ

अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

## क. घरजग्गा लगायतका अन्य रजिष्ट्रेशन शुल्क

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उप म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५% | ४% | २% |
| | ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ४% | ३% | २% | १% |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| २. | छोडपत्र (संयुक्त लिखत थैली अंङ्कमा) दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | हालैदेखिको वकसपत्रको लिखत<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br>क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईवुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइजु, भाञ्जा, भाञ्जी ठूलो–बुवा, ठूली-आमा (बावु तर्फका) आमाजु, नन्द, सौता–सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच । | | | | |
| | अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br>स्पष्टीकरण : सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | १५% | १५% | १५% | १०% |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | अंशवण्डा तथा अंश भर्पाईको लिखत<br>अंशवण्डा तथा अंश भपाईको लिखतमा<br>क) रु.३० लाखसम्मको थैली अङ्कमा<br>ख) रु.३० लाख भन्दा वढी रु. २ करोडसम्मको थैली अङ्कमा<br>ग) रु. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.२%<br>०.३%<br>०.५% | ०.२%<br>०.३%<br>०.५% | ०.२%<br>०.३%<br>०.५% | ०.२%<br>०.३%<br>०.५% |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत<br>क) मानो छुट्टिएको प्रति लिखत<br>ख) मानो जोडिएको प्रति लिखत | रु.१२०००।-<br>रु.१५०००।- | रु.११०००।-<br>रु. १२०००।- | रु.१००००।-<br>रु.१००००।- | रु.५०००।-<br>रु.५०००।- |
| ६. | शेषपछिको वकसपत्रको लिखत<br>शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत<br>क) तीन पुस्ताभित्रको<br>ख) तीन पुस्ताबाहिरको | रु.७०००।-<br>रु.१२०००।- | रु.६०००।-<br>रु.११०००।- | रु.५०००।-<br>रु.१००००।- | रु.२०००।-<br>रु.४०००।- |
| ७. | बन्धकीको लिखत<br>दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| ८. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत<br>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रु.२०००।- | रु.२०००।- | रु.२०००।- | रु.२०००।- |
| ९. | कपाली तमसुक र करारनामाको लिखत<br>दाखील खारेज नहुने कपाली तमसुक र | १% | १% | १% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | करारनामाको प्रति लिखत | | | | |
| १०. | सि.नं. ४ को अंशवण्डा तथा अंश भरपाईको लिखत घर वा जग्गा वा घरजग्गा दुवै भएको इलाकाको कुनै मालपोत कार्यालयबाट पारित गर्न सकिने छ । सि.नं. १ देखि १५ सम्मका अन्य घर वा जग्गा वा घरजग्गा दुवै रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरू घर जग्गा भएको इलाकाको कार्य गर्ने कार्यालय बाहेक अन्य कार्यालयबाट पारित गर्न सकिने छैन । स्थायी ठेगाना भन्दा बाहेक अन्य इलाकाबाट अंशवण्डा वा अंश भरपाई गर्दा स्थायी ठेगाना भएको इलाकामा यस अघि अंशवण्डा वा अंश भरपाई भए वा नभएको बुझि एकिन गर्नुपर्ने । | | | | |
| ११. | गुठी स्थापना लिखत (गुठी वापत दर्ता) | रु.६००।- | रु.५५०।- | रु.५००।- | रु.४००।- |
| १२. | घर बहाल लिखत वापत पहिलो महिनाको बहाल रकमको | ५% | ४.५% | ४% | ३% |
| १३. | फलोपभोग (युजु फ्रक्टी) | रु.१०००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| १४. | <u>शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा:</u> | | | | |
| | क. शर्त संसोधन | रु.१५००।- | रु.१२००।- | रु.१०००।- | रु.५००।- |
| | ख. बकस पत्र रद्द | रु.२०००।- | रु.१७००।- | रु.१५००।- | रु.१०००।- |
| १५. | अन्य लिखत | | | | |
| | क. रकम खुलेकोमा | ३% | २.५% | २% | १% |
| | ख. रकम नखुलेकोमा | रु.७०००।- | रु.६०००।- | रु.५०००।- | रु.३०००।- |

ख. सेवा शुल्क

| सि.नं. | विवरण | सेवा शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उप म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्कः<br>क) तराई क्षेत्रमा<br>ख) अन्य क्षेत्रमा | <br><br>रु.१५०००।-<br>रु.१५०००।- | <br><br>रु.१००००।-<br>रु.७०००।- | <br><br>रु.७०००।-<br>रु.५०००।- | <br><br>रु.३०००।-<br>रु.२०००।- |
| २. | वित्तीय धितो<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा<br>क) रु. १,००,०००।– सम्मको लिखतको थैली अङ्कमा<br>ख) रु. १,००,०००।– | रु.१०००।-<br>रु.१५००।- | रु.१०००।-<br>रु.१५००।- | रु.१०००।-<br>रु.१५००।- | रु.१०००।-<br>रु.१५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | भन्दा बढी रु. ५,००,०००।– सम्मको थैली अङ्कमा | | | | |
| | ग) रु. ५,००,०००।– भन्दा बढी रु.१०,००,०००।– सम्मको थैली अङ्कमा | रु.२५००।- | रु.२५००।- | रु.२५००।- | रु.२५००।- |
| | घ) रु.१०,००,०००।– भन्दा बढी रु.२०,००,०००।– सम्मको थैली अङ्कमा | रु.३०००।- | रु.३०००।- | रु.३०००।- | रु.३०००।- |
| | ङ) रु.२०,००,०००।– भन्दा बढी रु.५०,००,०००।– सम्मको थैली अङ्कमा | रु.५०००।- | रु.५०००।- | रु.५०००।- | रु.५०००।- |
| | च) रु. ५०,००,०००।– भन्दा बढी रु. १,००,००,०००।– सम्मको थैलीअङ्कमा | रु.२००००।- | रु.२००००।- | रु.२००००।- | रु.२००००।- |
| | छ) रु १,००,००,०००।– भन्दा बढी रु.२,००,००,०००।– | रु.३००००।- | रु.३००००।- | रु.३००००।- | रु.३००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्मको थैली अङ्कमा<br>ज) रु २,००,००,०००।– भन्दा बढी रु.५,००,००,०००।– सम्मको थैलीमा अङ्कमा<br>झ) रु.५,००,००,००० भन्दा वढी जतिसुकै थैली अङ्कमा | रु.६५०००।-<br>रु.१०००००।- | रु.६५०००।-<br>रु.१०००००।- | रु.६५०००।-<br>रु.१०००००।- | रु.६५०००।-<br>रु.१०००००।- |
| ३. | <u>लीज</u><br>सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउन प्रदेश सरकारले नीति बनाई शुल्क तोक्न सक्नेछ । | | | |
| ४. | <u>जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा</u><br>क) तराई क्षेत्र<br>ख) अन्य क्षेत्र<br>नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ | रु.१०००।-<br>रु.१०००।- | रु.७००।-<br>रु.५००।- | रु.५००।-<br>रु.३००।- | रु.२००।-<br>रु.१००।- |
| ५. | <u>दाखिल खारेज शुल्क</u><br>क) करार अनुसार लिखत | ५% | ४.५% | ४% | २% |

| | | | | | |
|---|---|---|---|---|---|
| | पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा<br>ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा | ३% | २.५% | २% | १% |
| | ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | घ) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संस्था वा सहकारी संस्थाले | रु.७०००।- | रु.६०००।- | रु.५०००।- | रु.२०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल<br>ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा<br>१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आँउदा प्रति मिसिल<br>२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | २.५%<br>रु.५००।-<br>रु.५०००।- | २%<br>रु.४००।-<br>रु.३०००।- | २%<br>रु.३००।-<br>रु.१०००।- | १%<br>रु.२००।-<br>रु.५००।- |
| | च) शेषपछिको वकसपत्रको दाखिल खारेज<br>क) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि अंशवण्डा सरह | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख) तीनपुस्ता बाहिरको भए (थैली अंक) मा | | अंशवण्डा सरह तोकिएको रकममा १० प्रतिशत थप | | | |
| ६. | नामसारी | नामसारी<br>क) तीन पुस्ता भित्रको नामसारी गर्दा<br>ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.१५००।-<br>रु.३५००।- | रु.१२००।-<br>रु.३०००।- | रु.१०००।-<br>रु.३०००।- | रु.५००।-<br>रु.१५००।- |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४००।- | रु.३००।- | रु.२००।- | रु.१००।- |
| ८. | घर कायम | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२५००।- | रु.२०००।- | रु.२०००।- | रु.५००।- |
| ९. | संशोधन शुल्क | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.३००।- | रु.२००।- | रु.१००।- | रु.५०।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | रोक्का शुल्क | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | ख) लिखत रजिष्ट्रेशन नहुनेमा<br>अ)रु.१०००००।- सम्मको ऋण अङ्कमा | रु.५००।- | रु.४००।- | रु.३००।- | रु.२००।- |
| | | आ) रु.१०००००।- भन्दा वढी रु.५,०००००।- सम्म ऋण अङ्कमा | रु.८००।- | रु.७००।- | रु.५००।- | रु.३००।- |
| | | इ) रु. ५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रु.१०००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| | | ई) ऋण अङ्क नखुलेकोमा | रु.५०००।- | रु.४०००।- | रु.३०००।- | रु.२०००।- |
| ११ | जग्गा धनी प्रमाण पुर्जा दस्तुर | क) जग्गाधनी प्रमाण पुर्जा दस्तुर | सवै क्षेत्रको रु. ५०।- | | | |
| | | ख) जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपी दस्तुर | रु.१००।- | रु.१००।- | रु.१००।- | रु.१००।- |

## ग. विविध

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| २. | अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सवै प्रकारको लिखतमा थैली अंङ्क अनिवार्य रुपमा खुलाउनु पर्नेछ। |
| ३. | दुई वा दुई भन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनको लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा सो मा लाग्ने राजस्व मिनाह गरिनेछ । यसरी राजस्व मिनाहको सुविधा लिई चक्लाबन्दी गरेको जग्गाको कुनै पनि किसिमले हक हस्तान्तरण गर्न पाईनेछैन्। |
| ४. | प्रदेशभित्र सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५. | (क) प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर, सेवा शुल्क रु. १०००।– लाग्नेछ । |
| | (ख) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर, सेवा शुल्क रु. ५००।– लाग्नेछ । |

| | |
|---|---|
| ६. | (क) सहकारी ऐन, २०७४ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु बीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड ख सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्नेछ तर रोक्का शुल्क छुट हुनेछ । |
| | (ख) प्रदेशभित्र बैंकिङ्ग तथा वित्तीय व्यावसाय र बीमा व्यवासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन । |
| ७. | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुनेगरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ८. | पूर्ण अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाती भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा आधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असूल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । |
| ९. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुनेगरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । तर, एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ । |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।– मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ । |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट दिइनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |

| | |
|---|---|
| १०. | भूमिहीन मूक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ११. | बैक, वित्तीय एवम् सहकारी संघ, संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवम् सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ । |
| १२. | धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ, संस्था वा निकायले आफ्नो नाउमा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ । |
| १३. | प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यसपछि घोषणा हुने नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ । |
| १४. | सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी , तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभागको सिफारिसमा पूर्ण रुपमा छुट हुनेछ । तर, त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक विक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ । |
| १५. | विविधको क्रमसंख्या ७, ८, ९ र १० बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ । |
| १६. | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लिखत पारित गर्नेछ । |

| | |
|---|---|
| १७. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| १८. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लेखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १९. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकारको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २०. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकारको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकारको वा कुनै पनि निकायले खरीद गरि लिएमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २१. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिटयान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिटयान्सवाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| २२. | माथि बुँदा नं. १,३ र ४ बमोजिम छुट सुविधा लिन सम्बन्धित व्यवसाय दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । प्रमाणपत्र प्राप्त नगरिसकेको अवस्थामा सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्षको सिफारिस पेश गर्नुपर्नेछ । |

## अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| सवारीको किसिम | वार्षिक करको दर (रु.) मा |
|---|---|
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः | |
| क) कार, जिप, भ्यान, माइक्रो बस | |
| (अ) १००० सी.सी सम्म | २०००० |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | २२००० |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | २५००० |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | ३४००० |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | ३९००० |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | ५५००० |
| ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | ४०००० |
| (आ) मिनीटिपर | ३०००० |
| ग) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | ५००० |
| (आ) ट्रेक्टर | |
| (१) कृषि प्रयोजन | ४००० |
| (२) गैर कृषि प्रयोजन | १५००० |

| | |
|---|---|
| (ई) पावर टिलर | २००० |
| घ) मिनिट्रक/मिनिबस | २३५०० |
| ङ) ट्रक/बस | ३२००० |
| (च) मोटर साईकल | |
| अ) १२५ सी.सी. सम्मको | २५०० |
| आ) १२६ देखि २५० सी.सी. सम्म | ४५०० |
| इ) २५१ देखि ४०० सी.सी. सम्म | ९५०० |
| ई) ४०१ सी.सी. र सो देखि माथि | २०००० |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| (अ) १३०० सी.सी.सम्म | ८५०० |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | १०००० |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | १२००० |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | १४००० |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | १७००० |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | २०००० |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | ४००० |
| (घ) ट्रेक्टर | ३५०० |
| (ङ) पावर टिलर | २५०० |
| (च) मिनीट्रक, मिनीबस | १२५०० |
| (छ) मिनी ट्रिपर | १५००० |

| | |
|---|---|
| (ज) ट्रक | १७००० |
| (झ) बस | १६००० |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, पर्यटक सवारी र सार्वजनिक संस्थानका नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४. | पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि उल्लेखित क्रम संख्या १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । तर, विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । |
| ५. | शुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन करकट्टा गरिनेछ । तर, व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठहर्‍याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, जन आन्दोलनमा घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |

| | |
|---|---|
| ११. | माथि उल्लेखित क्रम संख्या १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ । |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १४. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ ।तर, यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १५. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १६. | ढुवानी कार्य संचालन गर्नेगरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |
| १८. | यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउँदा दुई वा सो भन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शिर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ । |

अनुसूची– ३

(दफा ४ सँग सम्बन्धित)

मनोरञ्जन कर

१. चलचित्र, नाटकघर, भिडियोघर र थियटरमा टिकट मूल्यको ५ प्रतिशत मनोरञ्जन कर लाग्नेछ।

२. सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहायबमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछ ।

| सि. नं. | मनोरञ्जन सेवा | कार्यक्रम | जिल्लाको वर्ग अनुसार करको दर | | |
|---|---|---|---|---|---|
| | | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १. | सर्कस, खेल, मेला, जादु, चटके | १ दिनको | रु.१०,०००।- | रु.५,०००।- | रु.२,५००।- |
| | | ७ दिनसम्म | रु.५०,०००।- | रु.२५,०००।- | रु.१२,०००।- |
| | | ८ देखि १५ दिनसम्म। | रु.१,००,०००।- | रु.५०,०००।- | रु.२५,०००।- |
| | | १६ देखि ३० दिन सम्म । | रु.१,५०,०००।- | रु.७५,०००।- | रु.३७,०००।- |

द्रष्टव्यः यस दफाको प्रयोजनको लागि जिल्लाहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

"क" वर्गमा पर्ने जिल्लाहरुः नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया

"ख" वर्गमा पर्ने जिल्लाहरुः पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान

"ग" वर्गमा पर्ने जिल्लाहरुः रोल्पा र रुकुम (पूर्व)

३. ३० दिन भन्दा माथिको सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ ।

४. टि.भी. केवल नेटवर्कको हकमा शुल्कको १ प्रतिशत र डिश टि.भी. को हकमा रिचार्ज रकमको २ प्रतिशतका दरले कर लाग्नेछ ।

अनुसूची–४

(दफा ६ सँग सम्बन्धित)

कृषि आयमा कर

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| १ | घोषित आय रु. ४,५०,०००।– सम्म | छुट |
| २ | घोषित आय रु. ४,५०,०००।– भन्दा माथि रु.१०,५०,०००।– सम्म | ५% |
| ३ | घोषित आय रु. १०,५०,०००।– भन्दा माथि रु.२०,५०,०००।– सम्म | १०% |
| ४ | घोषित आय रु.२०,५०,०००।– भन्दा माथि । | १५% |

अनुसूची–५

(दफा ७ सँग सम्बन्धित)

पर्यटन शुल्क

१. प्रदेश भित्रका आफ्नो स्वामित्वमा रहेका पर्यटकीय स्थलहरुको प्रवेश शुल्कमा टिकट मूल्यको ५ प्रतिशतका दरले पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ।

अनुसूची–६

(दफा ८ सँग सम्बन्धित)

प्राकृतिक स्रोत शुल्क

| सि.नं. | विवरण | इकाई | दर | |
|---|---|---|---|---|
| | | | तराईका जिल्लाहरु | पहाडका जिल्लाहरु |
| १. | ढुंगा, गिट्टी, बालुवा | प्रति क्यूव फिट | रु.६।- | रु.३।- |
| २. | माटो | प्रति क्यूव फिट | रु.२।- | रु.१।- |
| ३. | दहत्तर बहत्तर | प्रति के.जी. | रु.१।- | रु.१।- |

प्रमाणीकरण मितिः २०७६/०३/१२

**आज्ञाले,**

**केशवराज आचार्य**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय